फोनं.:- ०९१ -५८०१०१

भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सूदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या:राजश्व २०७८/०७९

## डुंगा (नाऊ)उत्तराही ठेक्काको शिलबन्दी दरखास्त आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :– २०७८।०८।२४)

भजनी नगरपालिकाको मिति २०७८।०८।१३ गतेको निर्णय अनुसार चालु आर्थिक वर्ष २०७८/०७९ का लागि यस नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका घाटहरुमा डुंगा उतराही कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी दरखास्त पेश गर्न सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम अंक रकम रु. | सिलबन्दी फाराम दस्तुर | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजश्व ०२-२०७८/०७९ | दैलेखीटोल जसबहादुर घाट, मोहना नदी | भजनी -३ | ६४,१००/- | १,०००/- | २०७९ साल असार मसान्त सम्म | |
| २ | राजश्व ०३-२०७८/०७९ | गुलरिया घाट, मोहना नदी | भजनी -५ | ८,०१,०००/- | १,०००/- | २०७९ साल असार मसान्त सम्म | |
| ३ | राजश्व ०४-२०७८/०७९ | हिम्मतपुर घाट, मोहना नदी | भजनी -७ | ८१,१००/- | १,०००/- | २०७९ साल असार मसान्त सम्म | |
| ४ | राजश्व ०५-२०७८/०७९ | हलौना घाट, मोहना नदी | भजनी -७ | ३,६०,३००/- | १,०००/- | २०७९ साल असार मसान्त सम्म | |
| ५ | राजश्व ०६-२०७८/०७९ | कौवाखेडा घाट, मोहना नदी | भजनी -५ | ३,०५,०००/- | १,०००/- | २०७९ साल असार मसान्त सम्म | |
| ६ | राजश्व ०७-२०७८/०७९ | कुसुमघाट घाट, मोहना नदी | भजनी -३ | ५०,०००/- | १,०००/- | २०७९ साल असार मसान्त सम्म | |

शर्तहरु :

१. सिलबन्दी दरखास्त आवाहानको सूचना प्रकाशित भएको मितिले ०७ औं दिन सम्म कार्यालयको राजश्व शाखामा तोकिएको रकम (पछि फिर्ता नहुनेगरि) नगद बुझाई दरखास्त फाराम खरिद गरि ०८ औं दिनको दिउसो १२:०० बजे भित्र भजनी नगरकार्यपालिकाको कार्यालयमा दर्ता गरि सक्नुपर्ने छ । उक्त सिलबन्दीहरु सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्तदाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्त दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन ।

२. शिलबन्दी दरखास्त खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमश: लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र, नविकरण, मु.अ. कर, स्थायी लेखा नं.(पान न.) र आ. व. २०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएका प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

४. शिलबन्दी दरखास्त खाम बाहिर भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्का लिन चाहेको घाटको नाम लेखि दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नुपर्ने छ ।

५. दरखास्त दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. घाट ठेक्का प्रक्रियामा भाग लिन चाहने दरखास्तदाताले नगरपालिकाले निर्धारण गरेको न्यूनतम रकमको नेपाली नागरिक भए ५

धर्म राज बिनाडी

प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सूदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या:राजश्व २०७८/०७९

(पांच)प्रतिशत र गैर नेपाली नागरिक भएमा १० (दश) प्रतिशत धरौटी रकम यस नगर कार्यपालिका कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं. ४१५०१००३०३००००० २ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

७. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम एकमुष्ट यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ४१५०१००३०१०१०००२ मा दाखिला गरी पट्टा उठाउनु पर्नेछ ।

८. डुंगा(नाउँ) संचालन गर्दा यात्रु अनुसारको लाईफ ज्याकेट राख्नुपर्ने छ|

९. घाटको ठेक्का अवधि २०७९ साल असार मसान्त सम्म हुनेछ ।

१०.सरकारी कर्मचारी, भिन्न क्षमता भएका व्यक्ति, विद्यार्थी र जेष्ठ नागरिकहरुलाई नि:शुल्क उत्तराही सेवा उपलब्ध गराउनु पर्नेछ ।

११. प्रचलित नियमानुसार कालो सूचीमा नपरेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नुपर्ने छ । कालोसूचीमा परेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही हुने छैन ।

१२. म्याद नाघी आएको, रीत नपुगेको शर्त राखिएको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. पेश भएको सिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. यसमा उल्लेख नभएको विषयको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, स्थानीय सरकार संचालन ऐन, २०७४ सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१५. यात्रुहरुलाई यस कार्यालयबाट छाप लगाएको नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

१६. यात्रुहरुबाट तपसिलको उतराही शुल्क लिई घाटको दुबै किनारामा सबैले देख्ने गरी दर रेटको साइन बोर्ड राख्नुपर्नेछ ।

तपसिल:-

| क्र.स. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | पैदल यात्री प्रतिव्यक्ति | १० | |
| २ | साइकल सहित प्रतिव्यक्ति | १५ | |
| ३ | भारी सहित प्रति साइकल | २० | |
| ४ | मोटरसाइकल सहित प्रतिव्यक्ति | ३० | |
| ५ | भारी सहित प्रति मोटरसाइकल | ४० | |

१७. सुचनाको सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

..........
(धर्मराज बिनाडी)
प्रमुख प्रशासकीय अधिकृत
धर्म राज बिनाडी
प्रमुख प्रशासकीय अधिकृत